का.जि.प्र.का.द.नं. १००/०५९/६०

२४ वैशाख २०७९,
शनिबार
7 May 2022,
Saturday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २०, अंक ९१ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# 'चमत्कार'को सपना

सत्ता गठबन्धनले प्रमुख शहरहरुमा तालमेल गरेकाले चर्को दबावमा परेको विपक्षी दल नेकपा एमाले आउने चुनावमा चमत्कारको पर्खाइमा छ । महासचिव शंकर पोखरेलले चुनावी परिणाममा आउने चमत्कारमै पार्टीको भविष्य निर्धारण हुने तर्क गर्छन् ।



*नेकपा एमालेले शुक्रबार रौतहटको गौरमा गरेको कार्यक्रममा सहभागी । तस्बिर : एमाले केन्द्रीय कार्यालय।*

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, २३ वैशाख ।

महानगर र उपमहानगरमा तालमेल गरेको सत्ता गठबन्धनका शीर्ष नेताहरुले शुक्रबार राजधानीमा संयुक्त चुनावी सभा गरेको छ । शान्ति बाटिकामा आयोजित सभामा प्रधानमन्त्री एवम् सभापति शेरबहादुर देउवा, नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड, नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल, राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसी लगायतले सम्बोधन गरे ।

दुई पूर्वप्रधानमन्त्री प्रचण्ड र माध नेपाल सहित शीर्ष नेता सहभागी मञ्चमा उभिएर प्रधानमन्त्री देउवाले गठबन्धनको औचित्य बताएका थिए । गठबन्धन गरेकै कारणले कांग्रेस केन्द्रीय समितिमा ८२ प्रतिशत बहुमत ल्याउन सकेको उदाहरण दिदै साझा उम्मेद्वारलाई मतदान गर्न आग्रह गरे । काठमाडौं महानगरपालिकामा कांग्रेसबाट मेयर र एकीकृत समाजवादीबाट उपमेयरका उम्मेद्वार छन् ।

बिहीबार यिनै नेता भरतपुरमा आयोजित सभामा थिए । भरतपुर महानरपालिकामा माओवादी केन्द्रबाट मेयर र कांग्रेसबाट उपमेयरका उम्मेद्वार छन् । माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड पुत्री रेनु मेयरका उम्मेद्वार रहेकाले भतपुर महानगरबारे शीर्ष नेताहरुले बचाउमा अभिव्यक्ति दिने गरेका छन् । शुक्रबार पनि शीर्ष नेताहरुले महिलालाई श्रीमती र छोरी भनेर अपमान गर्ने काम भएको बताए । गठबन्धनले ६ महानगर र ११ उपमहानगरमा

– बाँकी पृष्ठ २ मा



> महानगरको चुनावमा चमत्कार हुनेछ । नेकपा एमाले त्यही चमत्कारको पर्खाइमा छ ।
>
> **शंकर पोखरेल**
> महासचिव, नेकपा एमाले

# निगरानीमा चुनावी खर्च



> उम्मेदवारले बुझाउने निर्वाचन खर्चको विवरण र सूक्ष्म अनुगमनकर्ताले पेश गरेको विवरण भिडाएर परीक्षण गरिनेछ ।
>
> **शालिग्राम शर्मा पौडेल**
> प्रवक्ता, निर्वाचन आयोग

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २३ वै शाख ।

स्थानीय तहका बिभिन्न पदमा उम्मेदवारको चुनाव खर्च सुक्ष्म अनुगमनमा रहेको पाइएको छ । निर्वाचन सकिएपछि उम्मेदवारले खर्च विवरण पेश गर्नुपर्ने हुन्छ । त्यसबेला पेश गर्ने खर्च विवरणको वास्तविकता र विश्वसनीयता परीक्षण गर्न सहज हुने गरी निर्वाचन आयोगले सुक्ष्म अनुगमनकर्ता खटाएको हो ।

प्रवक्ता शालिग्राम शर्मा पौडेलका अनुसार निर्वाचन आयोगले सुक्ष्म अनुगमनकर्तामार्फत उम्मेदवारको खर्च विवरण संकलन गरिरहेको छ। उनी भन्छन्, 'उम्मेदवारले बुझाउने निर्वाचन खर्चको विवरण र सुक्ष्म अनुगमनकर्ताले पेश गरेको विवरण भिडाएर परीक्षण गरिनेछ ।'

उम्मेदवारले निर्वाचन सकिएको ३० दिनभित्र आफ्नो खर्च विवरण आयोगमा पठाउनुपर्ने कानुनी व्यवस्था छ ।

स्थानीय तहमा निर्वाचन प्रचार प्रसारका क्रममा भएको आमसभा, जुलुस, हेलिकप्टरको प्रयोग जस्ता महत्वपूर्ण क्रियाकलापको सम्बन्धमा सूक्ष्म रुपमा अनुगमन गरी खर्च विवरणसमेत अनुमान गरी आयोगमा चुनाव अघि नै पठाउन मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतहरुलाई निर्देशन दिइएको छ ।

मनलाग्दी रुपमा खर्च गरिरहेका उम्मेदवारहरु सुक्ष्म अनुगमनकर्ता मार्फत आफुहरुको चुनाव खर्चको विवरण संकलन भैरहेको थाहा पाएपछि झस्किएका छन् ।

चुनावी खर्च अस्तव्यस्त भइरहेको, बैंकमार्फत चन्दा लिने र दिने काम नभएको, चुनावी खर्च गर्दा बैंकको प्रयोग नभएको जस्ता उजुरीहरु आयोगमा परेको छ । आयोगमा उजुरीको चाङ लागेपछि आयोगले उम्मेदवारको चुनाव खर्चको विवरण सुक्ष्म अनुगमनकर्तामार्फत संकलन सुरु गरेको हो ।

पच्चीस हजार रूपैयाँभन्दा बढी आर्थिक सहयोग प्राप्त गर्दा बैंक वा वित्तीय संस्था मार्फत गर्नु पर्ने कानुनी व्यवस्था छ । तर, यसको पालना नभएको गूनासो निकै आएको आयोगका अधिकारीहरु नै बताउँछन् ।

निर्वाचन आयोग ऐन, २०७३ ले निर्वाचन खर्च सम्बन्धी व्यवस्था छ । जहाँ उम्मेदवारले निर्वाचन सम्बन्धी खर्च गर्न बैंक वा वित्तीय संस्थामा खाता खोल्नुपर्ने उल्लेख छ ।

उम्मेदवारले निर्वाचन सम्बन्धी खर्च गर्दा आफ्नो तर्फबाट खर्च गर्ने जिम्मेवार पदाधिकारी

– बाँकी पृष्ठ २ मा

# डिमाण्ड अवधि विस्तार गर्न मञ्चको माग

**मध्यान्ह संवाददाता**
काठमाडौं, २३ वैशाख ।

प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालले कोभिड- १९ का कारण ६ महिनाका लागि थप भएका डिमाण्ड थप ६ महिना विस्तार गर्न माग गरेको छ ।

मञ्च नेपालले शुक्रवार वैदेशिक रोजगार विभागका महानिर्देशक शेषनारायण पौडेल र वैदेशिक रोजगार काठमाडौ कार्यालय ताहाचलका कार्यालय प्रमुख रमेश अर्याल भेटेर म्याद बढाउन माग गरेको हो ।

मञ्चले यसअघि म्याद बढाइएका डिमाण्डहरुको म्याद आगामी जुन ४ तारिख सकिने, तर ती डिमाण्डका आधारमा मलेसिया जानुपर्ने ठुलो संख्यामा रहेका कामदारको प्रवेशाज्ञा (भिसा) प्राप्तिको प्रकृया नसकिएको भन्दै ती डिमाण्डमा नेपाली कामदार जान पाउने अवस्था जिवितै राखेर

**वैदेशिक रोजगार विशेष**

केडिएन र अख्तियारनामाको अवधि अरु ६ महिना म्याद थप गर्न आवश्यक देखिएको बताएको छ ।

मञ्चले कोरोना भाइरस (कोभिड-१९) को लकडाउन पूर्व अन्तिम स्वीकृति प्राप्त गरि उडान भर्न नपाएका, तर वैदेशिक रोजगारीमा मलेसिया जान ईच्छुक कामदारका हकमा कुनै शुल्क कल्याणकारी कोष, बिमा र श्रम स्वीकृति पून: नविकरण गरि जान पाउनुपर्ने माग गरेको उपाध्यक्ष डिकबहादुर खत्री कुमारले जानकारी दिए । मलेसिया जान ठूलो संख्यामा मेडिकल गरेको र काठमाडौं आवतजावत गर्दा समेत धेरै लगानी गरेको कारणले उनीहरूलाई सहज हुनेगरी निर्णय गर्नुपर्ने खत्रीले बताए ।

मञ्चका अध्यक्ष राजेन्द्र भण्डारीको संयोजकत्वमा गएको एक प्रतिनिधि मण्डलले बिभागका महानिर्देशक पौडेल तथा काठमाण्डौ कार्यालयका निर्देशक अर्याललाई अलगअलग भेट गरेको थियो ।

मञ्चले अनलाइन प्रणालीबाट श्रम स्वीकृतिको सेवा सुचारु भए पश्चात पूर्व र अन्तिम स्वीकृतिका क्रममा केही त्रुटी देखिएको भन्दै त्यसमा सुधार गर्न सबै शाखाका प्रमुख सहितको उपस्थितिमा छलफल भएको भन्दै छलफल फलदायी रहेको समेत उल्लेख गरेको छ ।

वैदेशिक रोजगार कार्यालय ताहाचलमामा सिधै गुनासो टिपाउने टेवलको व्यवस्थापन लगायत विषयमा पनि छलफल भएको बताइएको छ ।

# सबै जिल्लामा पुग्यो मतपत्र

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २३ वैशाख ।

यही वैशाख ३० गते हुने स्थानीय तह निर्वाचनका लागि छापिएका मतपत्र सबै जिल्लामा पुगेको छ । आयोगका अनुसार मतपत्र डुवानीको ढुवानीको काम सकिएको छ ।

निर्वाचन आयोगका प्रवक्ता शालिकराम शर्मा पौडेलले आवश्यक सम्पूर्ण मतपत्र छपाइको काम सकिएको र ती मतपत्रसबै जिल्लामा पुऱ्याइएको जानकारी दिए ।

आयोगका अनुसार मतपत्रमा सबैभन्दा माथि राष्ट्रिय पार्टीका चुनाव चिन्ह राखिएको छ । त्यसपछि जिल्लामा क्रियाशील राजनीतिक दल तथा स्वतन्त्र उम्मेदवारका चुनाव चिह्नहरु छन् । हरियो रंगको मतपत्रमा चुनाव चिह्न कालो रंगका छन् । वैशाख ३० गते बिहान ७ बजेदेखि अपराह्न ५ बजेसम्म मतदानको समय तय गरिएको छ ।

# अशक्त र अपांगतालाई प्राथमिकता

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, २३ वैशाख ।

अशक्त र अपांगता भएकाहरुलाई मतदानमा प्राथमिकता दिइने भएको छ। निर्वाचन आयोगले मतदान केन्द्रमा प्रवेश गर्ने अशक्त र अपांगता भएकालाई पहिलो प्राथमिकता राख्ने गरी निर्देश गरिएको निर्वाचन आयोगले जनाएको छ ।

आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलका अनुसार मतदान केन्द्रलाई बढी भन्दा बढी अपांगमैत्री बनाउने गरी व्यवस्थापन गर्नेमा सहयोग गर्न सबै स्थानीय तहलाई पत्राचार गरिएको छ । पौडेल भन्छन्, 'मतदान केन्द्रमा पुग्नेहरुमध्ये सबैभन्दा पहिलो प्राथमिकता अपांगता भएकाहरुलाई दिइनेछ ।' आयोगका अनुसार ३० वैशाखमा हुने स्थानीय तह चुनावमा देशभर २१ हजार ९५५ वटा मतदात केन्द्र तोकिएको छ ।

१० हजार ७५६ मतदान स्थलमा २१ हजार ९५५ वटा मतदात केन्द्र रहनेछ । निर्वाचनमा १ करोड ७७ लाख ३३ हजार ७ सय २३ मतदाता छन्। जसमध्ये ८९ लाख ९२ हजार १० पुरुष, ८७ लाख ४१ हजार ५३० महिला, र १८३ अन्य छन्।

# आलमलाई थुनामुक्त गर्न अस्वीकार

काठमाडौं/मस- सर्वोच्च अदालतले नेपाली कांग्रेसका नेता तथा पूर्वमन्त्री मोहम्मद अफताब आलमलाई थुनामुक्त गर्न अस्वीकार गरेको छ । न्यायाधीशद्वय सुष्मालता माथेमा र नहकुल सुवेदीको संयुक्त इजलासले शुक्रबार उच्च अदालत जनकपुरअन्तर्गत वीरगञ्ज इजलासको आदेशलाई सदर गर्दै आलमलाई तत्काल थुनामुक्त गर्न अस्वीकार गरेको हो ।



विंस २०६४ चैत २७ मा भएको संविधानसभा निर्वाचनका क्रममा बम विस्फोट हुँदा घाइतेलाई इँटाभट्टामा जलाएर मारेको ज्यान मार्ने मुद्दाको अभियोग आलमलाई अदालतमा थुनामै राख्ने आदेश गरेको थियो ।

जिल्ला अदालत रौतहटले पुर्पक्षका लागि थुनामा पठाउने आदेश गरेको थियो । जिल्लाको उक्त आदेशलाई उच्च अदालत जनकपुरको वीरगन्ज इजलासले सदर गरेपछि आलम थुनामुक्त गर्न आदेशको माग गर्दै सर्वोच्च अदालत पुगेका थिए ।

सर्वोच्चको आदेशसँगै आलम अब जिल्ला अदालत रौतहटमा विचाराधिन ज्यान मुद्दा टुंगो नलागुञ्जेल थुनामै रहनुपर्नेछ । जिल्ला अदालत रौटहटले २०७६ कार्तिक २९ गते बम विस्फोट र त्यसका घाइतेहरुको सामूहिक हत्या गरेको आरोप लागेका कांग्रेस सांसद एवं पूर्वमन्त्री मोहम्बर आफताव आलमलाई पुर्पक्ष थुनामा राख्न आदेश दिएको थियो ।

'तत्काल प्राप्त प्रमाणहरुको अवलोकन र अध्ययनबाट यी प्रतिवादी अहिले नै निर्दोष रहेछन् भन्न सक्ने अवस्था देखिएन' आदेशमा भनिएको छ, 'पछि ठहरे बमोजिम हुने हुदा हाललाई पुर्पक्ष थुनामा राख्न कारागार कार्यालय गौर पठाइदिनु ।' जिल्लाको आदेश विरुद्ध आलमले दिएको निवेदन उच्च अदालतले पनि अस्विकार गरेको थियो ।

आलममाथि २०६४ सालको संविधानसभा निर्वाचनको पूर्वसन्ध्यामा गाँउमा विस्फोट गराएको र त्यसक्रममा मरेकाहरुको शव बेपत्ता पारेको आरोप छ । उनले कतिपय घाईतेहरुलाई ज्यूदै इटाभट्टामा हालेको भन्दै प्रहरीले मुद्दा दायर गरेको थियो ।

# प्रचारप्रसारलाई अतिरञ्जन नगर्न काउन्सिलको अपिल

**काठमाडौं/मस-** प्रेस काउन्सिल नेपालले कुनै दल वा उम्मेदवारको प्रचारप्रसारलाई अतिरञ्जना नगर्न/नगराउन आमसञ्चारसँग अपिल गरेको छ । काउन्सिलले कुनै दल वा उम्मेदवारको प्रचारप्रसारलाई अतिरञ्जन गर्दा/गराउँदा पत्रकार आचारसंहिता र निर्वाचन आचारसंहिताविपरीत हुन गई आमपाठक, स्रोता र दर्शकमा भ्रम पर्ने भएकाले यस्तो कार्य नगर्न/नगराउन अपिल गरेको हो । काउन्सिलले पत्रकार आचारसंहिता पालनामा थप संवेदनशील हुन सम्पूर्ण सञ्चार माध्यम, पत्रकार र सामाजिक सञ्जालका प्रयोगकर्तामा अनुरोध छ ।



'आमसञ्चार माध्यममा कुनै राजनीतिक दल, उम्मेदवारको निर्वाचन प्रचारप्रसारका लागि निःशुल्क वा प्रायोजित विज्ञापन प्रकाशन/प्रसारण गर्दा/गराउँदा, सःशुल्क विज्ञापन प्रकाशन/प्रसारण गर्ने क्रममा आचारसंहिताले तोकेअनुसार साइज, समय र पटकलाई ध्यान नदिँदा, आमपाठक स्रोतामा भ्रम पर्न गएको छ', काउन्सिलद्वारा शुक्रबार जारी विज्ञप्तिमा भनिएको छ। स्थानीय तह निर्वाचनका क्रममा विसं २०७८ चैत २५ गतेदेखि निर्वाचन आचारसंहिता, २०७८ लागू भइ काउन्सिलले सोको अनुगमन गरिरहेको छ । उक्त निर्वाचन आचारसंहितामा सञ्चार प्रतिष्ठान, सम्बद्ध कर्मचारी तथा पत्रकारले पालना गर्नुपर्ने आचरण तोकिएको छ । आचारसंहितामा सञ्चार प्रतिष्ठान, सोमा सम्बद्ध कर्मचारी तथा पत्रकारले कसैको पक्ष वा विपक्षमा समाचार प्रकाशन वा प्रसारण गर्न नहुने, जातजाति, भाषा, धर्म, सम्प्रदाय, लिङ्ग र क्षेत्रबीचको सम्बन्ध र सद्भावमा खलल पार्न नहुने भनी उल्लेख गरिएको छ ।

त्यसैगरी राजनीतिक आस्था वा विचार राष्ट्रियता तथा सामाजिक अवस्थाजस्ता कुनै पनि आधारमा भेदभाव हुनेगरी समाचार प्रकाशन वा प्रसारण गर्न नहुने, राजनीतिक दल वा उम्मेदवारको निर्वाचन प्रचारको लागि निःशुल्क वा प्रायोजित विज्ञापन प्रकाशन, प्रसारण वा सम्प्रेषण गर्न नहुने र निर्वाचन आयोगले तोकेको समयावधिभन्दा बढी नहुने गरी राजनीतिक दल वा उम्मेदवारको निर्वाचनसम्बन्धी विज्ञापन, प्रकाशन, प्रसारण वा सम्प्रेषण गर्ने, त्यसरी प्रकाशित विज्ञापनमा सःशुल्क भएको जनाउ दिनुपर्ने उल्लेख छ ।

आचारसंहितामा व्यवस्था हुँदाहुँदै धेरैजसो सञ्चार माध्यमले आचारसंहिता र प्रेस काउन्सिल नेपालको अपिललाई पटकपटक बेवास्ता गरी सःशुल्क वा निःशुल्क नछुट्टिने गरी, तोकिएको साइज, समय वा पटकभन्दा बढी विज्ञापन प्रचारप्रसार गरेको, घृणास्पद अभिव्यक्ति, अमर्यादित, असन्तुलित, एकपक्षीय, तथ्यहीन समाचार तथा समाचार-सामग्री सम्प्रेषण गरिरहेको, सामाजिक सञ्जाल प्रयोगकर्ता (पत्रकार)ले कुनै दलको पक्ष वा विपक्षमा कार्यकर्ताले झैं चुनावी नारा, तस्वीर राखिरहेको अनुगमनबाट देखिएको काउन्सिलको भनाइ छ ।

## बजेटको तयारीमा गण्डकी

# योजना आयोगका पूर्व उपाध्यक्ष र विज्ञबाट लियो सुझाव

**पोखरा/मस-** गण्डकी प्रदेश सरकारले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटका विषयमा राष्ट्रिय योजना आयोगको पूर्व उपाध्यक्षहरुसहित विज्ञसँग वृहत छलफल गरेको छ । अर्थ मन्त्रालयको आयोजनामा बुधबार र बिहीबार दुई दिन आगामी बजेटको कार्यदिशा र त्यसको कार्यान्वयनका बारेमा छलफल भएको हो ।



मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलको उपस्थितिमा भएको छलफलमा योजना आयोगका पूर्व उपाध्यक्षहरु डा.जगदीशचन्द्र पोखरेल, दीपेन्द्रबहादुर क्षेत्री, मीनबहादुर श्रेष्ठ, दिनेशचन्द्र देवकोटा लगायत सहभागी थिए ।

छलफलमा सहभागी सबैजसोले संघीयतालाई थप मजबुत बनाउने अनि नागरिकले महसुस गर्नेखालका दीर्घकालीन योजना ल्याउन सुझाव दिएका छन् । नेपालमा योजनाको खाँचो नभए त्यसको कार्यान्वयन पक्षमा समस्या रहेको भन्दै उनीहरुले अबको बजेट उत्पादन केन्द्रित, रोजगारी सिर्जना गर्ने र आयात प्रतिस्थापन गर्ने खालको हुनुपर्ने सुझाए ।

कर्मचारीको व्यवस्थापन अझै हुन नसक्नु, कर्मचारी वर्गले संघीयतालाई आत्मसात गर्न हिच्किचाउनु, संघ सरकारले अधिकार हस्तान्तरण गर्न आनाकानी गर्नु, प्रदेशको आम्दानीको स्रोत अत्यन्तै सिमित हुनु जस्ता चुनौतीबीच पनि प्रदेश सरकारले साढे ४ वर्ष् पूरा गरेको छ। छलफलमा सहभागीले भनेका छन्, 'हामीसामू सबैभन्दा ठूलो आयोजना भनेकै संघीयताको सफल कार्यान्वयन हो, ३ तहकै सरकारको प्राथमिकतामा यो पर्नुपर्दछ।

मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले विज्ञहरुको सुझाव अनुसार सरकारले बजेट निर्माण गर्ने प्रतिबद्धता जनाउँदै अबको बजेटमा अनुसन्धानलाई प्राथमिकतामा राख्ने बताए । उनले भने, 'केही डाटा खोज्यो कतै भेटिँदैन, डाटाको अभावमा योजना बनाउन सकिँदैन, अनुसन्धानका लागि सरकारले केही न केही गर्छ ।'

प्रदेशले धेरै समस्या झेल्दै यो अवस्थामा आइपुगेको भन्दै मुख्यमन्त्री पोखरेलले अधिकार हस्तान्तरणमा संघ सरकार अनुदार देखिए पनि प्रदेशले नागरिकले महसुस गर्ने गरी काम गर्नु जरुरी रहेको भनाइ राखे। अर्थमन्त्री रामजीप्रसाद बराल जीवनले २ दिनको छलफलबाट सरकारले धेरै नै फिडब्याक पाएको भन्दै अब यसको कार्यान्वयनमा आफूहरु जुट्ने प्रतिबबद्धता जनाए ।

योजना आयोगका पूर्व उपाध्यक्ष डा. जगदीशचन्द्र पोखरेलले संघीयताको कार्यान्वयनलाई नै सरकारले प्राथमिकतामा राखुनपर्ने सुझाव दिए । उनले भने, 'बजेटको प्रभावकारी रुपमा कार्यान्वयन हुन नसक्दासम्म आर्थिक हैसियत माथि उकास्न सम्भव छैन ।' उनले योजना बनाउँदा जनसांख्यिक विवरणलाई विशेष ख्याल गर्न आग्रह गरे । संघीयता कार्यान्वयन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको काम मात्र होइन भन्दै उनले प्रदेश र स्थानीय तहले सशक्तरुपमा आवाज उठाउनुपर्नेमा जोड दिए ।

नेपाल उद्योग वाणिज्य महासंघका पूर्व अध्यक्ष आनन्दराज मुल्मीले प्रदेशको पञ्चवर्षीय योजना निर्माणका क्रममा खासै छलफल नभएको भन्दै चालु योजना कति व्यावहारिक छ भनेर विश्लेषण गर्नुपर्ने बेला आएको भनाइ राखे । उनले बजारको एकाधिकार अन्त्यका लागि प्रत्येक पालिकामा कम्तीमा पनि एक/एक वटा सुपथ मूल्य पसल खोल्न सुझाव दिए । प्रदेशले मन्त्रालयको संख्या बढाउनुभन्दा पनि ती मन्त्रालयले कति काम गरेर भनेर समीक्षा गर्नुपर्ने मुल्मीले बताए । प्रदेश राजधानी पोखरालाई थप सुन्दर र व्यवस्थित सहर बनाउनका लागि प्रदेश सरकारले चासो दिनुपर्ने उनको भनाइ थियो । उनले ८५ वटै पालिकामा स्थानीय उत्पादनको बजारीकरण गरेर प्रदेशको आम्दानीको स्रोत बढाउन उनको सुझाव थियो । उनले भने, 'अल्लो, टिमुरलाई ब्रान्डिङ गरेर निर्यात गर्नुपऱ्यो । गण्डकीका प्रदेशबाट निर्यातयोग्य वस्तु के हो भनेर पहिचान गर्नु पऱ्यो नि ।'

गण्डकीमा पर्यटन बोर्ड स्थापनादेखि उत्तरगंगा जलविद्युत परियोजना सञ्चालनका लागि प्रदेश सरकारले सशक्त आवाज उठाउनुपर्ने उनले बताए ।

राष्ट्रिय सभा सदस्य डा. खीमलाल देवकोटाले ससाना टुक्रे आयोजना स्थानीय तहमै दिनुपर्ने, अबन्डा बजेट ल्याउन नहुने, वहुवर्षे योजना कम गर्नुपर्ने सुझाव दिए । औद्योगिक उत्पादनमा जोड दिनुपर्ने भन्दै उनले बजेटको अधिकांश हिस्सा भौतिक मन्त्रालयमै जाने भएकाले अब यसमा परिमार्जन जरुरी रहेको बताए ।

उक्त अवसरमा पोखरा विश्वविद्यालयका पूर्व डिन प्राडा इन्द्रप्रसाद तिवारी योजना आयोगको पूर्व सदस्य डा. लक्ष्मी देवकोटा, प्रदेश नीति तथा योजना आयोगका पूर्व सदस्य डा. भीमा ढुंगाना, पूर्व मुख्यसचिव डा सोमलाल सुवेदी, पूर्व सचिव बाबुराम आचार्य, गण्डकी विश्वविद्यालयका कुलपति प्राडा गणेशमान गुरुङ, पोखरा विश्वविद्यालयका पूर्व उपकुलपति डा. केशरजंग बराल, राष्ट्रिय योजना आयोगका सदस्य पुष्परमण वाग्ले, पूर्व सचिव विश्वप्रकाश पण्डित, डा. कृष्णप्रसाद पौडेलले बजेट निर्माण कार्यान्वयनका लागि सुझाव दिए। अर्थ मन्त्रालयका सचिव वैकुन्ठ अर्यालले प्रदेशको अहिलेको वस्तुस्थिति र खर्चको अवस्थाका बारेमा जानकारी गराएका थिए ।

सरकारले यसअघि प्रदेशममा क्रियाशील राजनीतिक दलका प्रमुख तथा प्रतिनिधि, मन्त्री तथा सचिवहरुसँग बजेटका बारेमा छलफल गरिसकेको छ । प्रदेश नीति तथा योजना आयोगले केन्द्रबाट प्राप्त सिलिङका आधारमा बजेट निर्माणको काम गरिहेको छ।

# भर्ना शुल्क नलिन अदालतको अल्पकालीन आदेश

कर्णाली/मस- उच्च अदालत सुर्खेतले सामुदायिक विद्यालयमा भर्ना गर्दा विद्यार्थी/अभिभावकबाट कुनै पनि शीर्षकमा शुल्क, अनुदान, चन्दालगायत अन्य शुल्क नलिन अल्पकालीन अन्तरिम आदेश दिएको छ । उच्च अदालतका न्यायाधीश पूनमसिंह चन्दको इजलासले अन्तरिम आदेश नहुँदासम्म भर्ना शुल्क नलिन सुर्खेत उपत्यकाका सबै सामुदायिक विद्यालयका साथै सरोकारवाला निकायका नाउमा अल्पकालीन आदेश जारी गरेको हो।





अदालतले अन्तरिम आदेशका लागि छलफल गर्न दुवै पक्षलाई जेठ १० गते बोलाएको छ । सुर्खेतका सामुदायिक विद्यालयले नेपालको संविधानले प्रत्याभूत गरेको निःशुल्क शिक्षा पाउने हक विपरित विद्यार्थीबाट मनोमानी शुल्क असूल गर्ने गरेको भन्दै अधिवक्ता खेमराज जैशीले रिट निवेदन दर्ता गरेका थिए ।

अदालतको आदेशमा भनिएको छ, 'निवेदनको मागबमोजिम उत्प्रेषण, प्रतिषोध, परमादेश समेतको आदेश किन जारी हुनुपर्ने हो ? आदेश जारी हुन नपर्ने कुनै आधार कारण भए सो खुलाई बाटाको म्यादबाहेक १५ दिनभित्र आफै वा कानूनबमोजिम प्रतिनिधिमार्फत लिखित जवाफ नियमानुसार पेश गर्नू ।' रिट निवेदकको तर्फबाट अधिवक्ता खगेन्द्रबहादुर खनाल र निवेदक स्वयंले बहस गरेका थिए।

यसअघि सुर्खेत वीरेन्द्रनगर स्थित जन नमूना माविले गत वर्ष विद्यार्थी भर्ना गर्दा शुल्क लिएको भन्दै परेको रिटमाथि उच्च अदालतले २०७८ मङ्सिर १ गते कुनै प्रकारका शुल्क नलिन उक्त विद्यालयका नाउमा परमादेश जारी गरेको थियो। उच्च अदालत सुर्खेतले पछिल्लो रिट निवेदनमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय कर्णाली प्रदेश, शिक्षा विकास तथा समन्वय इकाई, वीरेन्द्रनगर नगरपालिका, सुर्खेत उपत्यकाभित्रका माध्यमिकस्तरका सबै सामुदायिक विद्यालयका प्रधानाध्यापक, व्यवस्थापन समितिका अध्यक्ष, शिक्षक-अभिभावक संघलगायतलाई विपक्षी बनाएको छ ।

# साईकलको भरमा एक्लै चुनावी प्रचारमा चन्द्रवीर




**गणेश रावत/मध्यान्ह**
कोहलपुर, २३ वैशाख

साईकलको भरमा एक्लै स्थानीय तहको चुनावी प्रचारमा गएको भन्दा कतिपयलाई अचम्म लाग्न सक्छ । तर बाँकेको बैजनाथ गाउँपालिका नेकपा मार्क्सवादी पुष्पलाल समूहका अध्यक्ष पदका उम्मेद्वार चन्द्रवीर कामी यतिबेला एक्लै चुनावी प्रचार-प्रसारमा व्यस्त छन् ।

निर्वाचन नजिकिँदै जाँदा बाँकेका राजनीतिक दलहरुले आफ्ना पार्टीका नेता कार्यकर्तासहित घरदैलो अभियान तिब्र पारेका छन् । अब स्थानीय तहको निर्वाचन आउन ६ दिन मात्र बाँकी छ । निर्वाचन नजिकिँदै जाँदा राजनीतिक दलहरु झण्डा ब्यानरदेखि पर्चा पम्पलेट, शक्ति प्रदर्शन गर्दै चुनावी माहोलमा होमिएका छन् । यता चन्द्रवीर भने साईकलमा आफ्नो पार्टीको 'गैंची' चुनाव चिन्हको झण्डा राखेर एक्लै चुनावी अभियानमा व्यस्त छन् । एक्लै निर्वाचन भिड्ने उनी सकभर पहिलो जनप्रतिनिधि हुन् । नेकपा मार्क्सवादी पुष्पलाल समुहका केन्द्रीय सदस्य समेत रहेका चन्द्रवीरको चर्चा बैजनाथमा उत्तिकै चुलिँदो छ। उनी 'एक मत गरिबलाई अरु सबै हरिबलाई' भन्ने नाराका साथ साईकल लिएर प्रचार-प्रसारमा छन् ।

चुनाव भड्किलो र खर्चिलो नगर्ने भन्दा पनि अरु दलले ठूलो खर्च गरेको उनले बताए । उनले भने, 'म अहिले जुन साईकलमा हिँडेको छु। जनताले आफ्नो अमुल्य भोट दिएर विजय गराए भने त्यही साईकलमा सम्पूर्ण कार्यकाल निभाउने छु ।' भ्रष्टाचारीहरुको जरोदेखि निर्मुल गर्ने र कुनैपनि सेवा सुविधा नलिने उनले प्रतिवद्धता व्यक्त गरेका छन् ।

## "चमत्कार"को...

केन्द्रबाटै तालमेल भएको छ। बाँकी कतिपय स्थानीय तहमा गठबन्धन भएको छ । गठबन्धनले देशभरका स्थानीय तहमा साझा उम्मेद्वार तय गर्ने निर्णय गरेको थियो। तर उम्मेदवारका आकांक्षीकै कारण गठबन्धनले सबै ठाउँमा साझा उम्मेद्वार तय गरेको छ । यदि साझा उम्मेदवारले गठबन्धनका दलहरुबाट मत पाएमा विपक्षी एमालेका उम्मेदवारलाई जित्न सजिलो हुनेछैन ।

यसअघि राष्ट्रियसभा निर्वाचनमा भएको गठबन्धनले एमालेलाई हराएको थियो। १९ सदस्यीय राष्ट्रियसभा चुनावमा एक जना मात्रै एमाले उम्मेद्वारले जितेका थिए। गठबन्धन भएकै कारण संघ र सातै प्रदेशमा एमाले प्रतिपक्षमा छ। तर एमाले नेताहरु भने अहिले पनि गठबन्धनलाई हराउने दावी गरिरहेका छन् । महासचिव शंकर पोखरेलले आगामी चुनावमा एमालेले चमत्कार गर्ने बताए । 'आउने चुनावमा चमत्कार हुनेछ। त्यही चमत्कारको पर्खाईमा छौं', महासचिव पोखरेलले भने । तर त्यो चमत्कार कस्तो हुन्छ भन्ने चाहिँ एमाले नेताहरुले भनेका छैनन् ।

अध्यक्ष केपी शर्मा ओलीले ६० देखि ७० प्रतिशत स्थानीय तह चुनाव जित्ने सार्वजनिक अभिव्यक्ति दिने गरेका छन् । तर उनी निकट नेता विष्णु रिमाल भने ५० प्रतिशतसम्म चुनाव जित्न सक्ने आँकलन गर्छन्। गएको ०७४ को चुनावमा एमालेले ७५३ मध्ये २९४ स्थानीय तह जितेको थियो। त्यही नतिजाका आधारमा संघ तथा प्रदेशसभामा एमाले र माओवादी केन्द्रबीच गठबन्धन भएको थियो ।

तर अहिले माओवादी मात्रै नभएर एमाले समेत विभाजित भएको छ । तर एमालेले भने राष्ट्रवादी मत, विकास निर्माणको अगुवाइ, सामाजिक न्याय सहितको राज्य स्थापना लगायत कामका कारणले जनमत आफ्नो पक्षमा आउने दावी गरेको छ। त्यसैआधारमा देशभर एमालेले चुनावी सभा गर्दै हिडेको छ ।

## निगरानीमा...

तोक्नु पर्ने, तोकिएका पदाधिकारीको नाम नामेसी सहितको विवरण उम्मेदवारले निर्वाचन अधिकृतको कार्यालय र निर्वाचन कार्यालयमा जानकारी गराउनु पर्ने लगायतका व्यवस्था आचारसंहितामा छ । व्यक्ति वा संस्थाबाट चन्दाको रूपमा नगद लिएमा सो रकम बुझेको रसिद वा भरपाई दिई उम्मेदवारको वा राजनीतिक दलको बैंम खातामा जम्मा गर्नुपर्ने, आम्दानी तथा खर्चको विवरण आयोगमा बुझाउनु पर्ने लगायतका प्रावधान आचारसंहितामा छ ।

**हकदाबी सम्बन्धी ३५ दिने सूचना**

**कम्पनी ऐन २०६३ बमोजिम मिति २०६६/०७/१९ मा दर्ता पा.लि.नं.६७३४० को नेपाल फिड एण्ड पोल्ट्री इण्डष्ट्रिज प्रा.लि. को मिति २०७९/०१/१९ मा सम्पन्न बिशेष साधारणसभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसंग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्योता रहेको भए यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सवैको जानकारी को लागि यो सुचना जारी गरीएको छ ।**
**लिक्विडेटर : शेर बहादुर रोकाया । इजाजतपत्र नं. २८७**
**ठेगानाः बबरमहल, काठमाण्डौ, फोन नं. ९८४१३४०४०३**
**ईमेल : rokayasherbahadur723@gmail.com**

**हकदाबी सम्बन्धी ३५ दिने सूचना**

**कम्पनी ऐन २०६३ बमोजिम मिति २०६७/१२/१४ मा दर्ता पा.लि. नं.८१९०८ को वि.वि.एस.विजनेश ग्रुप प्रा.लि. को मिति २०७९/०१/१९ मा सम्पन्न बिशेष साधारणसभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसंग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्योता रहेको भए यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सवैको जानकारी को लागि यो सुचना जारी गरीएको छ ।**
**लिक्विडेटर : शेर बहादुर रोकाया । इजाजतपत्र नं. २८७**
**ठेगानाः बबरमहल, काठमाण्डौ, फोन नं. ९८४१३४०४०३**
**ईमेल : rokayasherbahadur723@gmail.com**

**हकदाबी सम्बन्धी ३५ दिने सूचना**

**कम्पनी ऐन २०६३ बमोजिम मिति २०६९/११/०३ मा दर्ता पा.लि. नं.१०९७५७ को दि बेष्ट फुट्सल प्रा.लि. को मिति २०७९/०१/१९ मा सम्पन्न बिशेष साधारणसभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसंग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्योता रहेको भए यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सवैको जानकारी को लागि यो सुचना जारी गरीएको छ ।**
**लिक्विडेटर : शेर बहादुर रोकाया । इजाजतपत्र नं. २८७**
**ठेगानाः बबरमहल, काठमाण्डौ, फोन नं. ९८४१३४०४०३**
**ईमेल : rokayasherbahadur723@gmail.com**

**हकदाबी सम्बन्धी ३५ दिने सूचना**

**कम्पनी ऐन २०६३ बमोजिम मिति २०६४/०१/२६ मा दर्ता पा.लि. नं.४५७३७ को हिमालचुलि नेपा एक्सप्लोरर् प्रा.लि. को मिति २०७९/०१/१९ मा सम्पन्न बिशेष साधारणसभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसंग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्योता रहेको भए यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सवैको जानकारी को लागि यो सुचना जारी गरीएको छ ।**
**लिक्विडेटर : शेर बहादुर रोकाया । इजाजतपत्र नं. २८७**
**ठेगानाः बबरमहल, काठमाण्डौ, फोन नं. ९८४१३४०४०३**
**ईमेल : rokayasherbahadur723@gmail.com**

पाल्पामा स्थानीय तह निर्वाचन

# उम्मेद्वार घरदैलोमा व्यस्त, नागरिकमा चरम असन्तुष्टी

**सुशीला रेग्मी/मध्यान्ह**
पाल्पा, २३ वैशाख



वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनमा उम्मेद्वारहरु यतिबेला घरदैलो अभियानमा व्यस्त छन् । चुनावको मिति नजिकिदै गर्दा विभिन्न दल निकटका उम्मेद्वार, नेता, कार्यकर्ता प्रचार-प्रसार कार्यमा खटिएका छन् । मतदातालाई आफ्नो पक्षमा मतदान गर्न विभिन्न विकास निर्माण, शिक्षा, स्वास्थ्य, खानेपानी लगायतका योजना लिएर घरदैलो गरिरहेका छन् ।

पाल्पाका दुई नगरपालिका र आठ गाउँपालिकामा मुख्य दल र उम्मेद्वार भोट माग्दै गाउँ, टोल र घरघरमा पुगिरहेका छन् । उम्मेद्वारहरु घर आगँनमा आउँदा र उनीहरुका योजना सुन्दा मतदातालाई केही गर्छन् कि अब जस्तो पनि लाग्छ । तर विगतका अभ्यास सम्झँदा प्रायजसो उम्मेद्वार चुनावमा मत माग्न मात्रै आउने र निर्वाचित भएपछि जनताको दुख नबुझ्ने गरेको सरस्वती सोमै बताउँछिन् ।

उनी भन्छिन् 'बिगतका निर्वाचनमा उत्साहका साथ सहभागी भएर मतदान गरियो, जनताको दुःखमा निर्वाचन जितेर गएपनि नेतृत्वले चासो नदिने प्रवृत्ति छ, हामीलाई झुट्टा आश्वासन चाहिँदैन, उम्मेद्वारले आफूले जति काम गर्न सक्नुहुन्छ, त्यतिमात्रै हामीमाझ योजना ल्याउनुपर्‍यो, उम्मेद्वारले निर्वाचन जितेर गएपछि आफू बोलेका कुरा पूरा गर्नुपर्छ' ।

चुनावमा मतदातालाई विश्वस्त पार्दै आफ्ना योजना सुनाउने माध्यम घरदैलो हो । त्यसले मतदाता र उम्मेद्वारलाई एक ठाउँमा पनि जुटाउँछ । मत चाहिँदा घर बस्तीमा पुग्ने तर निर्वाचनपछि आश्वासन पुरा नगर्ने र मतदातालाई विर्सने राजनीतिक प्रवृत्तिप्रति आम नागरिकमा असन्तुष्टी छ ।

गाउँमा विकास नहुँदा स्थानीयहरु शहर बजारमा बसाइसराई जाने क्रम बढेको छ । शिक्षा, स्वास्थ्य, सडक, बिद्युत्, सिंचाई, खोनेपानी जस्ता सुबिधालाई प्राथमिकतामा राखेर काम गर्नुपर्ने बताउँछन्' रामपुरका युवा दिपेन्द्र भट्टराई ।

'रामपुरको वास्तविक समस्या पहिचान गर्नुपर्‍यो, समग्रमा रामपुरलाई विकास गरी नमुना रामपुर बनाउनुपर्छ, रामपुरको समग्र विकासका लागि अहोरात्र खट्ने असल नेतृत्व आवश्यक रहेको छ' उनले भने ।

रामपुर पाल्पा, स्याङ्जा, तनहुँ र नवलपुर (सूस्ता पूर्व नवलपरासी) को केन्द्र पर्छ । यसकारण पनि शिक्षा, स्वास्थ्य, रोजगार जस्ता जनमुखी कार्यक्रम नै आजको आवश्यक रहेको उनको भनाई छ ।

बिगतका निर्वाचनलाई हेर्दा मतदाता यस पटक भने सक्षम, योग्य र विकासप्रेमी उम्मेद्वारलाई मतदान गर्ने बताउँछन् । आफ्नो गाउँ ठाउँलाई विकास गरी समृद्ध र नमुना बनाउने सङ्कल्प त सबै दलका उम्मेद्वारले ल्याएकै छन् ।

उम्मेद्वारी दर्ता, उम्मेद्वारी फिर्ता र अन्तिम नामावली प्रकाशित भएपछि उम्मेद्वारले घरदैलो अभियान शुरु गरेका हुन् । उम्मेद्वार आफ्ना प्रतिबद्धतापत्र, प्रचार सामग्रीसहित मत माग्न मतदाताको घरदैलोमा भ्याईनभ्याई छ ।

आसन्न निर्वाचनका लागि पाल्पामा तानसेन नगरपालिकामा गठबन्धनका तर्फबाट नेपाली कांग्रेसका नगर प्रमुख पदका उम्मेद्वार सन्तोषलाल श्रेष्ठ, उपप्रमुखमा नेकपा माओवादी केन्द्रका प्रतिक्षा सिंजाली, नेकपा एमालेका प्रमुख पदका उम्मेद्वार धनेन्द्रराज घिमिरे, उपप्रमुख पदका उम्मेद्वार शशि श्रेष्ठ लगायतका वडा अध्यक्ष, वडा सदस्यहरु चुनावी प्रचारमा व्यस्त छन् । यहाँका उम्मेद्वारले तानसेनलाई पर्यटकिय शहर, खानेपानी, फोहोरमैला व्यवस्थापन लगायतका चुनावी योजना बनाएका छन् ।

रामपुर नगरपालिकामा नेपाली कांग्रेसको तर्फबाट प्रमुख पदका उम्मेद्वार रमणबहादुर थापा, उपप्रमुख पदका उम्मेद्वार बालकुमारी थापा, नेकपा एमालेको तर्फबाट नगर प्रमुख उम्मेद्वार शिव अर्याल, उपप्रमुख उम्मेद्वार दुर्गादेवी राना, राष्ट्रिय प्रजातन्त्र पार्टीका तर्फबाट नगर प्रमुखका उम्मेद्वार राजेन्द्र ढकाल, उपप्रमुखका उम्मेद्वार गायत्री न्यौपाने जनताको घर घरमा मत माग्न व्यस्त छन् ।

उम्मेद्वारले रामपुर नगरलाई पर्यटकीय नगर, शिक्षा, स्वास्थ्य, खानेपानी, सिंचाई, सडक सुबिधा लगायतका चुनावी योजना मतदाता समक्ष प्रस्तुत गरिरहेका छन् । एकवर्ष भित्रमा रामपुर नगरलाई हिलोरतिह नगर, स्वरोजगार कार्यक्रम, कृषिमा एक नगर एक विशेष उत्पादन कार्यक्रम, नगरपालिका भित्र रहेका ऐतिहासिक, धार्मिक तथा पर्यटकीय स्थलको विकास, एक वडा एक उद्यान, हवाई मैदान निर्माण जस्ता योजना रहेको छ ।

नगरवासीको जीवनस्तरमा सुधार र नगरपालिकाको समग्र विकास गरी नागरिकको जीवनस्तर उकास्ने खालका कार्यक्रम, रामपुरलाई समृद्ध बनाउने योजनासहित आफूहरु चुनावी मैदानमा उत्रिएको नेपाली कांग्रेसको तर्फबाट नगर प्रमुखका उम्मेद्वार रमणबहादुर थापा बताउँछन् । 'घोषणा पत्रमा भएका सबै योजनालाई पाँच वर्षमा पूरा गर्नेछौं, २०७४ को निर्वाचनमा पनि मलाई नेपाली कांग्रेसको तर्फबाट यहाँका मतदाताले नगर प्रमुख पदमा विजयी गराउनुभयो, पाँचवर्षको अवधीमा हामीले घोषणा पत्रअनुसार ९० प्रतिशत काम सम्पन्न गरेका छौं' उनले भने ।

कोभिड १९ को असरले काममा केही बाधा पारेपनि अब निर्वाचित भए पश्चात नगरमा पाँचवर्षमा भएका काम दुई वर्ष भित्रमा सम्पन्न गर्ने उनले प्रतिबद्धता जनाए । फरक-फरक राजनीतिक दल र स्वतन्त्र उम्मेद्वारहरुको बढ्दो चहलपहलका कारण मतदाताहरु पनि कुन दलका एजेन्डा ठीक र कुन दलका एजेन्डा बेठीक भन्ने पत्ता लगाउन सक्ने स्थितिमा पुगेको घरदैलोमा पुगेका उम्मेद्वारहरुको भनाई रहेको छ । नेकपा एमालेका तर्फबाट नगर प्रमुखका उम्मेद्वार शिव अर्यालले डिजिटिल रामपुरको अवधारणा ल्याएका छन् ।

'रामपुर नगरको केन्द्र देखि टाढा रहेका वडाका नगारिकलाई अब केन्द्र धाउने होइन, वडाबाटै घरमै बसी बसी सेवा उपभोग गर्न पाउने गरी डिजिटल अवधारणा ल्याइएको छ, आफू नगर प्रमुख पदमा निर्वाचित भएमा नमुना डिजिटल रामपुर बनाउने सङ्कल्प छ' उनले भने ।

स्वास्थ्य क्षेत्रमा सुधार गर्ने, कतिपय वडा कार्यालय भाडामा सञ्चालन भएको हुदा त्यसको व्यवस्थापन गरी सहज सेवा दिने, प्रत्येक वडा वडामा एम्बुलेन्स सेवा सञ्चालन गरेर प्रभावकारी स्वास्थ्य सेवा उपलब्ध गराउने अर्यालको योजना छ । रामपुरमा भए गरेका अधुरा कामलाई पुरा गरी अबको पाँचवर्ष भित्रमा समुन्नत र नमुना नगर बनाउने योजना सहित उम्मेद्वारहरु चुनावी प्रचार प्रसारमा दौडधुपमा छन् ।

उम्मेद्वारहरुले आफूले जितेपछि विकासका पूर्वाधारहरुको स्तरोन्नती गर्ने भन्दै भोट दिन मतदातालाई अपिल गरिरहेका छन् । अधिकांश उम्मेद्वारले सामाजिक सञ्जाललाई व्यापक उपयोग गरेको पाइएको छ । घरदैलोको अलवा सामाजिक संजालमार्फत मत मागिरहेका छन् । एकातिर अधिकांश उम्मेद्वारहरूलाई आफ्नै दलभित्रको आन्तरिक असन्तुष्टि व्यवस्थापन गर्नुपर्ने चुनौती छ । अर्कोतिर जित हात पार्नका लागि मतदाताको विश्वास जित्नैपर्ने भएकाले घरदैलो गर्नेपर्ने बाध्यता छ । २०७४ को निर्वाचनपछि हुन लागेको यस निर्वाचनले छुट्टै महत्व र विशेषता राख्ने विश्वास गरिएको छ ।

# अन्नपूर्ण पदमार्गमा विदेशी पर्यटक बढे

**नवीन अंकुर/मध्यान्ह**
मनाङ, २३ वैशाख



दुई वर्षको लामो अन्तरालपछि मनाङमा पर्यटक बढ्दै गएका छन् । हिमाली जिल्ला मनाङमा गत वर्षको श्रावण महिनादेखि हालसम्म छ हजार भन्दा बढी युरोपेली पर्यटक भित्रिएका छन् ।

सो अवधिमा जिल्लामा छ हजार पाँच सय ८४ जना युरोपेली पर्यटक आएका हुन् । युरोपेली देशमध्ये पनि सबैभन्दा बढी फ्रान्सबाट ८०१ पर्यटक यहाँ आएका छन् भने जर्मनबाट ६९९, इजरायलका ५९८, बेलायतका ४४५ र भारतबाट ४२८ जना पर्यटक भित्रिएका छन् । अप्रिल महिनामा मात्रै दुई हजार ३८२, मार्चमा एक हजार २३१ पर्यटक भित्रिएको अन्नपूर्ण संरक्षण क्षेत्र मनाङका प्रमुख लेखनाथ गौतमले जानकारी दिए ।

थोराङ्ला हुँदै तिलिचो ताल पुगेर लार्के पास गर्दै मुक्तिनाथ निस्किने हुँदा विदेशी पर्यटकका लागि अन्नपूर्ण पदमार्ग मुख्य गन्तव्यको स्थल बनेको छ । केही समय यता दैनिक ७७ जना विदेशी पर्यटकहरु अन्नपूर्ण पदयात्राका लागि आउने गरेको उनले बताए ।

नेपालमा पहिलो पटक आएको र हिमश्रृङ्खलाहरुको अवलोकन गर्दै पदयात्रा गर्न पाउँदा आफुहरु निकै खुसी भएको पर्यटकहरु बताउँछन् । अन्नपूर्ण पदमार्ग विश्वका १० उत्कृष्ट गन्तव्यमध्ये एक मानिन्छ । पछिल्लो समय विदेशी मात्र नभइ आन्तरिक पर्यटक पनि मनाङ आउने गरेका छन् । विभिन्न क्लब तथा सङ्घसंस्थामा आवद्ध भएर बिदा मिलाएर भए पनि अन्नपूर्ण पदमार्गमा यात्रा गर्न आउनेहरु क्रमशः बढेका छन् ।

# बलात्कार अभियोगमा पन्ध्र वर्ष कैद

**सप्तरी/मस-** बोल्न नसक्ने १२ वर्षीया बालिकालाई बलात्कार गरेको अभियोगमा एक व्यक्तिलाई १५ वर्ष कैद सजाय भएको छ ।

जिल्ला न्यायाधीश इश्वरमणि ओझाको इजलाशले अग्नीसाइर कृष्णसवरण गाउँपालिका-३ मट्टिगढाका २० वर्षीय आशाराम रामलाई १५ वर्ष कैद सजायको फैसला सुनाएको हो । उनलाई कैद सजायका साथै पाँच लाख रुपैयाँ क्षतिपूर्ति भराउने फैसलासमेत भएको जिल्ला अदालतका सूचना अधिकारी भरतमणी पोखरेलले जानकारी दिए ।

गाईबस्तु चराउन गएकी बालिकालाई अमसोत नदीको किनार रहेको झाडीमा आरोपितले २०७७ जेठ १ गते बलात्कार गरेको भन्दै पीडितकी आमाले जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएकी थिइन् ।

बलात्कार गरेको देखेपछि एक गाउँलेले अन्य गाउँलेलाई बोलाएर आरोपितलाई नियन्त्रणमा लिई प्रहरी चौकी पकरीको जिम्मा लगाएको थियो । जिल्ला अदालतको आदेशमा २०७७ जेठ २६ गतेदेखि आरोपित पुर्पक्षका लागि राजविराज कारागारमा थुनामा थिए ।

**सूचना**

**प्रथम पटक प्रकाशित मिति २०७९/०१/२४**

यस सा.व.स. बाट संकलित खयर काठ ५१३.५ क्युफिट लिलाम विक्री गर्नुपर्ने भएकाले यो २१ दिने सूचना प्रकाशित गरिएको छ । थप जानकारीका लागि समूहमा सम्पर्क राख्न सकिनेछ ।

**सल्ले पोखरीपाखा सामुदायिक वन उपभोक्ता समूह, हलेसी तुवाचुङ न.पा.- ९, खोटाङ**

**मिक्लाजुङ गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**मधुमल्ला, मोरङ**
**१ नं. प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मितिः २०७९/०१/२४**

यस कार्यालयको तर्फबाट मिति २०७८।१२।२२ मा मध्यान्ह दैनिकमा प्रकाशित सूचना अनुसार निर्माण कार्यको तपशिल बमोजिमको न्यूनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिन आएकोले स्वीकृतिको लागि सिफारिस भइ आएकोमा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ को प्रयोजनार्थ जानकारी गराइन्छ । साथै सार्वजनिक खरिद ऐन २०६३ को दफा ४७ को प्रयोजनार्थ सम्वन्धीत बोलपत्रदाताहरुलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

| ठेक्का नं | विवरण | फर्मको नाम ठेगाना | कबोल अंक (मु.अ.क. र P.S item सहित) |
|---|---|---|---|
| 19/MRMM/WORKS/SQ/078/79 | Bazar Tahara Nirman | Uttam Pragati Nirman Sewa Pvt.Ltd | RS.16,94,373.64 |

**HOSPITALITY & HOTEL MANAGEMENT COURSES**

होटल तथा हस्पिटालिटी सम्बन्धी सम्पूर्ण तालिमहरु जस्तै वारिस्टा, कमर्शियल कुकिङ, हाउस किपिङ, वेटर तथा वेट्रेस, कस्टुमर सर्भिस, स्किल डेभलपमेन्टजस्ता तालिमहरु भिक्टोरिया इन्टरनेशनल होटल ट्रेनिङ एण्ड इस्टिच्युटले दिँदै आइरहेको छ । यदि तपाईं पनि होटलसम्बन्धी राम्रो तालिम लिएर स्वदेश तथा विदेशमा स्वरोजगार बन्न चाहनुहुन्छ भने हामीलाई सम्झनुहोस् । यहाँ सस्तो मूल्यमा अन्तर्राष्ट्रिय स्तरको होटल सम्बन्धी तालिम दिई रोजगारको समेत ग्यारेन्टी दिइने भएको हुनाले ढिला नगरौं ।

Hotel Training Diploma 1750 Hrs Rs 160,000 F&B Service, Production, HK, Barista, FO, CSA English Free Jobs.

Short Courses
• Interview Tips • English Language • Service Staff Training
• Customer Service & Skill Development Training

GET TRAINED & DEVELOPE YOUR PERSONALITY





After Training 100% Job Guarantee !

तालिमपछि रोजगारको ग्यारेन्टी

Best in the KTM VICTORIA INTERNATIONAL

VICTORIA INTERNATIONAL
HOTEL TRAINING & INSTITUTE PVT. LTD.
www.facebook.com/hoteltrainingnepal Email: hoteltrainingnepal@gmail.com
Contact: 9801100127/ 9801100128 / 9801100129 / 9801100130

**Cyprus मा बैदेशिक रोजगारको अवसर** पून:विज्ञापन

१.कम्पनीः-C & C Private Employment Agency, Venizelou, Cyprus
पूर्व स्वीकृती मिति २०७७।१२।०३ चलानी नं. ६०१५५६६८ LT.No. 237388

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलव EURO | मासिक तलव ने.रु | हप्तामा कामगर्ने दिन | प्रतिदिन कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook Chef A | 01 | - | काममा दक्ष | 850 | ११०,६००।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |
| 2. | Cook Chef B | 01 | - | | 775 | १००,८४०।- | | | | | | | |

२.कम्पनीः-Medeon International Placement Agency Ltd., Larnaca, Cyprus
पूर्व स्वीकृती मिति २०७८।११।१८ चलानी नं. ६०१७५३१५ LT.No. 258889

| सि.नं. | कामदारको पद | माग संख्या | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलव Euro | मासिक तलव ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Domestic Workers | - | 10 | कामामा दक्ष | 314 | ४०,८२५।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/ नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष व्यवस्था | सेवा शुल्क र कुल लागत सहित |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने रोजगारदाता कम्पनीले | निःशुल्क | निःशुल्क | कामदार स्वयं रु. ७००।- | कामदार स्वयं रु. १,५००।- | रु. ४०,०००।- |

अन्तर्वार्ता २०७९ बैशाख ३१ गते (14 May, 2022) मेनपावर कार्यालय बालकुमारीमा हुनेछ ।

वैदेशिक रोजगार विभागबाट गराईएको जानकारी :-१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछिमात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनु होला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानु अघि अभिमुखीकरण वा इण्डक्सन तालीम अनिवार्य लिनु होला । ५) विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी,पाउने सेवा, सुविधा र अन्य शर्त बारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नु होला । सो को १ प्रति आफूसंग राख्नु होला । ६) काममा बिदेश जांदा नेपालकै एयरपोर्ट प्रयोग गर्नु होला । अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे वैदेशिका रोजगार विभाग बुद्धनगर, काठमाण्डौमा सम्पर्क राख्नु होला ।

APPS SERVICES PVT LTD H.R. Expert
श्रम इजाजत नं. ११७२/०७३/७४
**APPS SERVICES PVT. LTD.**
बालकुमारी-८, ललितपुर, फोन नं. ५१८६०१८ , Email: infoapps1172@gmail.com

**साउदीमा रोजगार** | १. कम्पनीः AL JAZEERA SUPPORT SERVICES COMPANY-CLOSED JOINT STOCK BRANCH शहरः Dammam
पूर्व स्वीकृत मितिः २०७८/११/२५ चलानी नं.: ६०१७५७०२ LT. No.: 259278 पूनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Labor | 35 | 0 | स. काममा दक्ष | 1000 | ३२,४५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ जेठ १ गते (15 May 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**New Shristi Overseas Pvt.Ltd.** Govt. Lic No.: 1036/073/074
New Baneshwor, Kathmandu, Nepal, फोनः ४१०५१२५, फ्याक्सः ४४८८०८५
Email: info@newshristiovs.com, shristinewoverseas@gmail.com, Website: www.newshristiovs.com

**साउदीमा रोजगार** | १. कम्पनीः CALL FOR DRINKS शहर : SAUDI ARABIA
पुर्व स्वीकृत मितिः २०७८/१२/१४ चलानी नं.: ६०१७८९७३ L.T. No.: 260101 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | LABOR | 1 | 0 | स. काममा दक्ष | 1000 | ३२,४५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनीः EMAAR BISHAH GENERAL CONTRACTING EST शहर : SAUDI
पुर्व स्वीकृत मितिः २०७८/१२/१३ चलानी नं.: ६०१७८९७५ L.T. No.: 260106 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Normal Labor | 4 | 0 | स. काममा दक्ष | 1000 | ३२,४५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनीः REDAA DEVELOPING CO.LTD. शहर : SAUDI ARABIA
पुर्व स्वीकृत मितिः २०७८/०१/०६ चलानी नं.: ६०१५७६०९ L.T. No.: 239447 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Normal Labor | 1 | 0 | स. काममा दक्ष | 1000 | ३२,४५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

४. कम्पनीः SULAIMAN DAKHIL AL OWAID CONTRACTING EST शहर : SAUDI ARABIA
पुर्व स्वीकृत मितिः २०७८/०२/२० चलानी नं.: ६०१५८५५३ L.T. No.: 240789 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 1 | 0 | स. काममा दक्ष | 1800 | ५८,४१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

५. कम्पनीः FACTORY OF NAHAJ AL-OMRAN FOR CEMENT PRODUCTS शहर : SAUDI
पुर्व स्वीकृत मितिः २०७८/०२/२० चलानी नं.: ६०१७६०८० L.T. No.: 259392 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Bulldozer Driver | 2 | 0 | स. काममा दक्ष | 2500 | ८१,१२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ बैशाख ३१ गते (14 May 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नंः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनूहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

श्रम इजाजत पत्र नं.: ३१८/०५९/०६०
**अल-जाफर ईन्टरनेशनल प्रा. लि.**
Kathmandu-26, Samakhusi Townplanning | Phone : 01-4390222
Email: info.alzafarnepal@gmail.com

कथा

# गुदीको व्याकुलता

गुदीको बिहानको क्रियाकलापको शुरुवात श्रृंगारपटारबाट हुन्छ । त्यसपछि बाटोमा हिँड्दै गरेका पुरुष वर्गलाई खाउँला जस्तो गरेर एकोहोरो पाराले हेर्छे । आफ्नो कालो कपाललाई सुमसुम्याउदै घरि अगाडि लान्छे घरि पछाडि लान्छे, घरि ठूलो स्वरले गीत गाउँछे । लोग्ने मान्छेलाई देख्दा उसको हाउभाउ कटाक्ष हेर्न लायकको हुन्छ । छरछिमेकहरुले कतिपल्ट उसको कुरा काट्न बाँकी राखेका थिएनन् ।



■ त्रिपुरा पोखरेल

बाहिरबाट ठूलो स्वरमा आवाज आयो। "दिदी, मेरी छोरीलाई तपाईंको साथमा लिएर गैहाल्नु, मेरी छोरी पनि सुध्रिने, हामीले पनि दुई/चार रुपियाँ खेलाउन पाउने।"

टिभीमा समाचार हेर्दैथिएँ, एउटा ठूलो आवाजले मेरो एकाग्रतालाई भङ्ग गरिदियो। झर्को लाग्दै भएपनि दैलोतिर आँखा घुमाएँ। कामबाट फूलबारी गोडमेल गर्न मदनिया आएको रहेछ। हिजोसम्म म उसलाई चिन्दिनथें। भाइले फलानो बटियादारको छोरो भनेपछि मात्रै मैले उसलाई चिनेकी। उसको प्रश्नको जवाफमा "म भाइसँग सल्लाह गर्छु, अनिमात्र उसलाई लाने कि नलाने, त्यसबारे निधो दिन्छु है।" मेरो कुरा पूर्णरूपले नसुनी ऊ अघि नै हिँडिहालेछ। लाने कि नलाने शब्द उसले बुझ्यो कि बुझेन भन्ने विचारले मलाई पिरल्यो।



एकदिनको चिनजानमा नै उसले आफ्नी एउटै छोरीलाई मेरो साथमा किन पठाउँदै छ भन्ने कुराले मलाई अलमलमै पारेको थियो। उसले भोलिपल्टै आफ्नी छोरी लक्ष्मीलाई ल्याएर मेरो जिम्मा लगायो। मलाई भोक लागेको बेलामा ढुङ्गा मिसिएको गाँस फाल्नु कि उकेल्नु जत्तिकै भयो।

"दिदी तँलाई साथी पनि हुन्छे लैजाँदा हुन्छ।" भाइले लानु भन्ने सल्लाह दियो।

म पर्सिपल्ट आफ्नो घरतिर लागेँ। घरमा आइसकेपछि लक्ष्मीको मुखबाट थाहा पाएँ, गाउँका अल्लारे केटाहरु उसको पछि लागेका रहेछन्। छोरीलाई ती केटाहरुबाट जोगाउन मदनियाले उसलाई मेरो साथ लगाएर पठाएको रहेछ। उसको कुराले मलाई अन्योलमा पार्‍यो। "कतै लक्ष्मीका बाबुआमाले मलाई घाँडो त भिराएनन्।" यो सोचले मेरो टाउकोमा मार्तोलले हानेर रनाहा छुटेको जस्तै भयो।

"लक्ष्मी, तेरो बाबुले तँलाई यहाँ किन पठाएको नढाटी भन् त ?" मैले केरकार गरेँ।

"गुण्डाहरु मेरो पछि लागेकाले मलाई यता पठाएको भनेर मैले अस्ति भनें त।" उसले झर्को मानी।

ऊ जतिको कुरौटे छे त्यतिकै कुरा लुकाउन खप्पिस छे। कोरोनाको विरुद्धमा लकडाउनको युद्ध चलिरहेको बेला म उसलाई घर पुर्‍याइदिन पनि सक्दिन। अब मेरो लागि भगवान् भरोसा बाहेक अर्को कुनै विकल्प रहेन। "यदि उसको चरित्रमा केही तलमाथि भएको अलिकति पनि छनक पाएँ भने म लक्ष्मीलाई उसको घर पठाइहाल्छु।" मेरो फैसलाले मलाई विश्वस्त तुल्यायो।

"लक्ष्मी अब तैंले पढ्नु पर्छ ल।" मैले उसको हातमा वर्णमालाको किताब, कपी र सिसाकलम राखिदिएँ।

"मलाई गुदी भन्नु, मलाई यो नाम साह्रै मनपर्छ।" उसले किताबहरु टेबलमा थन्काउँदै भनी। गुदी लक्ष्मीको अति नै मनपर्ने नाम। उसले शब्द बुझ्न थालेको दिनदेखि नै आमाबाबुको मुखबाट यही नाम सुन्दै आएकीले पनि होला 'गुदी' नाम उसको आदत नै भइसकेको छ। गुदीको अर्थ के हो भनेर मैले सोधेकी पनि छैन, उसले अरु पनि अनौठा शब्दहरुको प्रयोग गर्छे, म ती शब्दहरुलाई सच्याउने काम गर्दिन। उसका ठूल-ठूला आँखा, हिस्सी परेको अनुहारले उसको कालो रङ्गलाई छोपिदिएको छ। ऊ आफूलाई कुनै हिरोइन भन्दा कम ठान्दिन। उसको हातमा हरदम ऐना, काइयो र मोबाइल हुन्छ। गुदी निधारदेखि सिउँदोसम्म अबिरको धर्को तान्छे। ऊ सबैलाई आफू विवाहिता हुँ भन्दै हिँड्दिरहिछ।

"आमा मलाई पोडर, किरिम, लिपिस्टिक, चुरा तेल ल्याइदिनु न।" भर्खर सोह्र वर्ष टेकेकी गुदीले म बजार जाँदा यस्तै कुराहरु मगाउने गर्छे। यति सानै उमेरमा यसरी श्रृङ्गार पटारमा ध्यान दिएको मलाई भने फिटिक्क मन पर्दैन, तर पनि उसले मगाएको चिजबिज ल्याइदिनु पर्ने मेरो वाध्यता हुन्छ। बजारबाट आएपछि उसको हातमा समान थमाइदिंदै भन्छु, "ला काली, अब तेरो मुखमा पोत।"

"आमा मलाई काली नभन्नु त, मलाई काली भनेको मन पर्दैन।" रिसले रन्केर रातो भएको उसको कालो अनुहार अझ कालो हुन्छ। ऊ पुक्क मुख फुलाएर कुर्सीमा गएर बस्छे। आमाको नियास्रो लागेर होला, ऊ मलाई आमा भन्ने गर्छे। उसको यो सम्बोधन मलाई अति आत्मीय लाग्छ।

गुदीको बिहानको क्रियाकलापको शुरुवात श्रृंगारपटारबाट हुन्छ। त्यसपछि बाटोमा हिँड्दै गरेका पुरुष वर्गलाई खाउँला जस्तो गरेर एकोहोरो पाराले हेर्छे। आफ्नो कालो कपाललाई सुमसुम्याउदै घरि अगाडि लान्छे घरि पछाडि लान्छे, घरि ठूलो स्वरले गीत गाउँछे। लोग्ने मान्छेलाई देख्दा उसको हाउभाउ कटाक्ष हेर्न लायकको हुन्छ। छरछिमेकहरुले कतिपल्ट उसको कुरा काट्न बाँकी राखेका थिएनन्।

"आमा मलाई पल्लो घरको काम गर्ने केटाले मोबाइल नम्बर माग्दै छ।" ऊ उत्तेजित हुँदै भन्छे। म नसुनेको जस्तो गर्छु।

बिहान उठेर माथिल्लो तलामा गएकी गुदीको चालचुल छैन। म चालमारेर कौशीमा गएँ। ऊ काम ईच्छाले ब्याकुल भएको माउ बिरालो जस्तो सडकमा हेरिरहेकी थिई, उसका दुबै हातहरु अङ्गप्रत्याङ्गतिर सलबलाई रहेका थिए। तलबाट ढाडे बिरालो जस्तो मान्छेमाथि हेरैर गुनगुनाउँदैथ्यो, "सम्झेर बुझेर दिहाल त्यो जोवन।"

"गुदी के रमिता हेरिरहेकी ? जा कोठामा गएर बढारकुँडार गर्, केटाको मुख देखेकी छैनस् ?" उसको यो बानीले मलाई वाक्क पारिसक्यो, तर लकडाउन छेकोभाँजो भएपछि मेरो के लाग्छ !

मैले उसलाई हपारेपछि ऊ मुख छोड्दै तल कोठातिर लागि। ऊ स्पर्शले यौन तृष्णा मेट्न नपाएपनि टाढैबाट आत्मसन्तुष्टि लिन चाहन्थी तर, म बाधक बनिदिएँ। गुदीका कमीकमजोरीहरु मध्ये मुखाले बानी पनि एउटा हो। बाबुआमासँग फोनमा कुरा गर्दा पनि ऊ चर्को आवाज निकालेर बाझ्ने गर्छे। उताबाट पैसा पठा भन्दै किचकिच गरेको आवाजलाई हकार्दै गरेकी हुन्छे, "मैले कमाएको पैसाले मेरो बिहेमा दाइजोको सामान किन्छु, मसँग पैसा नमाग।"

एकदिन म कोठामा बसेर बालकृष्ण पोखरेलले लेख्नुभएको कथा संग्रह 'सोधाई र जवाफ' पढ्दै थिएँ, ऊ म बसेको गलैंचामा आएर बसी। 'बेला न कुबेला बजी मेला' भनेजस्तै मेरो एकाग्रतालाई भङ्ग गरिदिएकोमा मलाई उसित हुनसम्म रिस उठ्यो।

> "टाढाबाट आएकी केटी दिउँसभरि के पो गरोस् विचरी" भन्ने मेरो दयालु सोचले उसको मोबाइलमा वाईफाईको पासवर्ड हालिदिएँ, उसको फेसबुक एकाउन्ट खोलिदिएँ। ऊ बिहान उठेदेखि बेलुकीसम्म मोबाइलमा झुण्डिन थाली। आफ्नो काम लटरपर गरेर सिध्याएपछि, ऊ कि ऐनाको सामुन्ने नक्कल पार्न बस्थी कित मोबाइलमा घण्टौ के-के हेर्थी के-के। यसपछि बचेको समयमा कौशीमा बसेर टोल छिमेकका केटाहरुलाई एकोहोरो हेरिरहन्थी। मेरो अर्ती उपदेश र गालीले उसलाई बाह्र हातको टाँगाले पनि छोएन। मैले उसलाई मोबाइल दिनु नै ठूलो भूल गरेछु।

"आमा तपाईंलाई एउटा कुरा भन्नु छ।" उसले नङ कोट्याउँदै भनी। मैले उसको अनुहार राम्ररी नियालेर हेरें, उसले टाउको निहुराएकी थिई। मैले पढ्दै गरेको किताबलाई बन्द गर्दै सोधें, "गुदी, के कुरा भन् त।" ऊ आफ्ना ठूलठूला आँखा चारैतिर घुमाउँदै मुस्कुराइरहेकी थिई। मैले कति कर गर्दा पनि उसले भन्न चाहेको कुरा ओकल्न सकेकी थिइन। म पन्ध्र मिनेटसम्म उसको मनभित्रको कुरा दुहुने प्रयासमा थिएँ, तर ढुङ्गा बोल्ला गुदी पटक्कै बोलिन।

मलाई उसको मौनताले झर्को लगाइसकेको थियो तर, पनि मलाई उभित्र गुम्सिएको गाँठी कुरा जान्ने उत्कण्ठा अझ धेरै जाग्दैथ्यो। म उसको मौनता तोड्ने निष्कर्षमा पुगें। मैले अस्ति बजारबाट उसैलाई भनेर ल्याइदिएको पाउडर उसको हातमा थमाइदिंदै सोधेँ, "के कुरा भन् त नानु ? आफ्ना कुराहरु मलाई नडराइकन भन्।"

"आमा मलाई पल्लो घरको मिस्री भैय्याले जम्मा एकचोटि बजायो।" उसले निर्धक्कसँग भनी। म छाँगोबाट झरेकी जत्तिकै भएँ। मलाई अरुकुरा भन्दापनि उसले पेट त बोकिन भन्ने चिन्ताले अन्तरद्धन्द्ध चल्नथाल्यो।

